# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

HURON

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.नं: १२४/०८२

## न्यायपालिकाको गरिमा संरक्षणका लागि अपिल

सामाजिक संजाल र सार्वजनिक वहसका नाममा हालैका दिनमा न्यायधिश तथा न्यायिक संस्थालाई लक्षित गरी पुर्वाग्रहि र उदेश्यमुलक पोस्ट तथा समाचारहरु आइरहेको र त्यसले उत्पन्न गराएको भयको वातावरण तथा आम नागरीकमा श्रृजना हुने भ्रम प्रति यो संगठनको गम्भीर ध्यान आकर्षित भएको छ ।

लोकतन्त्रमा असहमति स्वाभाविक हो, तर त्यसको अभिव्यक्ति संवैधानिक मर्यादा र कानुनी बाटो भित्र हुनु पर्दछ । सामाजिक संजालको भिडबाट न्यायधिशलाइ कटघरामा उभ्याउने, डर देखाउने वा बदनाम गर्ने कार्य न्यायिक स्वतन्त्रता सँग मेल खाँदैन । न्यायालयले सधैं स्वच्छ आलोचनाको अपेक्षा गरेको हुन्छ नकि उद्देश्यमूलक । न्यायाधीश व्यक्तिगत पात्र नभई संविधानको सपथमा बाँधिएका संस्थागत पदाधिकारी हुन । न्यायपालिकाको गरिमा कमजोर पारिदिँदा अन्ततः यसको मूल्य सामान्य नागरिकले न्याय नपाएर तिर्नुपर्ने हुन्छ । न्यायपालिका संविधानको मेरुदण्ड हो । यसको स्वतन्त्रता, गरिमा र विश्वासनियता माथि प्रश्न उठ्नु विधिको शासन र लोकतान्त्रिक व्यवस्था माथिको प्रत्यक्ष आघात हुनुका साथै शक्ति सन्तुलनको सिद्धान्त राष्ट्रिय, अन्तर्राष्ट्रिय मान्यता र जिम्मेवारीमाथिको प्रहार र मानव अधिकार संरक्षणमा पर्न जाने अपुर्णिय क्षति हो भन्ने यस संगठनको ठम्याइ छ ।

अतः न्यायपालिका र न्यायाधीशहरू उपर भइरहेको यस प्रकारको आक्रमण स्वच्छ आलोचना नभई निस्पक्ष न्याय प्रदान गर्ने कार्यमा बाधा उत्पन्न गराउन गलत कार्यहरु भएको हुँदा यस्तो कार्यहरू जोसुकैबाट र जुनसुकै उद्देश्यले गरेको भएपनि तत्काल रोक्न लगाउन र सम्पूर्ण दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन नेपाल सरकार,नेपाल बार एसोसिएशन, न्यायपरिषद, नेपाल बार काउन्सिल तथा अदालत प्रशासन लगायत सम्पूर्ण सरोकारवालाहरूमा यो संगठन हार्दिक अपिल गर्दछ ।

मितिः २०८२/०९/१७

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
९८५१०५८३६८